# १२ लगाउने लुगाहरुका बारेमा अरु प्रतिकहरु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* मर्कूस ५:२४-३४, लूका ८:४३-४८, यूहन्ना १३:१-१६, यूहन्ना १९:२३,२४, मत्ती २६:५९-६८, मत्ती २७:२७-२९।

*स्मरण गर्नुपर्ने पद:* "उनले सोचिन्, 'उनको लुगाको टुप्पोमात्र छोए पुग्छ। अनि त म निको भइहाल्छु नी'" (मर्कूस ५:२८ रूपान्तरित)।

बाइबलमा उल्लेखित लुगाहरूबाट हामीले धेरै पाठहरू सिक्न सक्छौं भन्दा अचम्म मार्नुपर्दैन। लुगाहरू भनेको हाम्रो जीवनको एक भाग नै हुन्। हामीले लगाएको लुगाले हाम्रो बारेमा धेरै कुराहरू बताउन सक्छन् र हामी को हौं भनेर चिनारी पनि गराउन सक्छन्। ठिक होस् वा गलत होस्, मानिसहरूले लगाएको लुगाको प्रकार र कसरी लगाइ रहेको छ त्यसको आधारमा हामी तिनीहरूको मुल्याङ्कन गर्दछौं।

येशूको कथामा आधारित लुगाहरूको बारेमा यस अध्ययामा हामी पढ्ने छौं। लुगामात्र छोए निको हुन्छ भनेर येशूप्रति आस्था राख्ने महिलाको बारेमा अध्ययन गर्नेछौं। अनि आफ्ना चेलाहरूको गोडा धुन आफ्नो पछ्यौरा फुकाली राख्नुभएको येशूको बारेमा अध्ययन गर्नेछौं। अर्को अध्ययनमा हामी त्यस मूल पुजारीको बारेमा अध्ययन गर्नेछौं जसले येशूको सामु उभिन्दा आफ्ना लुगाहरू च्यातेका थिए, जसको फलस्वरूप उनले आफ्नो भाग्यको निर्धारण आफैले गरेका थिए। अनि रोमी सिँपाहीहरूले येशूलाई खिस्सी गर्दै लगाइदिएको पोसाकको बारेमा अध्ययन गर्नेछौं। अन्तमा त्यस येशूको पोसाकको बारेमा अध्ययन

गर्नेछौं जसलाई सिपाँहीँहरूले चिट्ठा हालेर आफूमा बाँडेका थिए। यो अन्तिमा पोसाकले बाइबलको भविष्याणी कसरी पूर्ण हुन गयो भनेर देखाएको थियो।

लुगा मात्र त हो, तै पनि ती लुगाहरूका प्रतिकहरू निश्चय नै धेरै छन्।

## १. "मेरा लुगालाई कसले छोयो?" (मर्कूस ५:२४-३४)

१२ वर्षसम्म रगतको व्यथा लागेको स्त्रीको कथा मर्कूस ५:२४-४८ र लूका ८:४३-४८मा उल्लेख गरिएको पाउँछौं। चिकित्सा शास्त्र अनुसार उनको रोग अत्यन्त खतरापूर्ण थियो। तर उनको बिमारसँग त्यस ताकाका संस्कार अनुसार उनी अशुद्ध जीउ भएकी भनेर चिनिन्थ्यो। यसले गर्दा उनको पिडामा पिडा थपिएको थियो। उनको बिमारलाई चिकित्सकहरूले केहि पनि गर्न सकेको थिएन। कुनै पनि औषधीले उनलाई निको पार्न सकेको थिएन। उनी स्वस्थ हुन अत्यन्त चाहन्थी, त्यसैले गर्दा आफ्नो श्रीसम्पत्ति डाक्टर र औषधीमा खर्चमा सिध्याएकी थिई। तर निको हुनुको सट्टा झन झन बिमार चर्को भएको थियो। त्यसमा अचम्म मान्नु पर्ने कुरा पनि त होइन नी, किनभने त्यस ताका आधुनिक औषधी तथा उपचारको बिकास भएको थिएन। उनको बिमारले गर्दा उनले कत्तिको दुःख, कष्ट, पिडा र मानसिक यातना सहनु परेको कुरालाई हामी कल्पना पनि गर्न सक्दैनौं।

अनि एक दिन उनको गाउँमा येशू आउनुहुन्छ। येशू जसले अनेकौं आश्चर्य कामहरू गर्दैं हुनुहुन्थ्यो, आउनुभएको थाहा पाएर उनको अन्धकारमय जीवनमा आशाको किरण झल्किन्छ।

आफू निको हुनलाई केवल येशूको लुगालाई वा पछ्यौरालाई मात्र छोए पुग्छ भन्ने त्यस पिडित महिलाको आत्म-विश्वासको अर्थ के हो? हेर्नुहोस्: मर्कूस ५:२४-३४, लूका ८:४३-४८।

यस महिलामा येशूप्रति महान् आस्था तथा बिश्वास थियो। येशूको लुगालाई छोयमात्र आफू निको हुन्छ भन्ने गहिरो बिश्वास उनमा थियो। तर लुगा आफै र उनको स्पर्समा निको पार्ने तत्वहरू थिएन। तर कोहि मानिस विश्वाससाथ प्रभुकहाँ आयो भने उसमा परमेश्वरको शक्तिले काम गरेको कारणले मात्र निको हुनसक्थ्यो। आफू निरिह र आवश्यकताको महशूस त्यस महिलाले गरेकी थिइन्। उनले येशूको लुगा छोयको अर्थ उनको जीवनमा विश्वासले काम गरिरहेको थियो भनेर बताउँछ। यो नै इसाईहरूको मूल धर्म हो।

“मेरो लुगा कस्ले छोयो?" भनेर येशूले किन सोध्नुभयो?

येशूको प्रश्नले त्यस स्त्रीको काम र चँगाईलाई सार्वजनिक गरिएको थियो। यो प्रक्रियाबाट येशूले त्यस स्त्रीलाई आफ्ना वरिपरी रहेका जनमानसमा गवाहीको रूपमा प्रयो गर्नुभएको थियो। त्यहाँ के भयो भनेर अरू मानिसहरूले जानुन् भन्ने येशूको इच्छा थियो। त्यस महिलाले उहाँको लुगामा कुनै चमत्कारिय वा जादुको शक्तिले गर्दा उनी निको भएको थियो भन्ने कुरालाई महशूस नगरोस् भनेर उहाँले चाहनु भएको थियो। उनको विश्वास, आस्था र भक्तिमा परमेश्वरको शक्तिले काम गरिरहेको थियो। आफ्नो अवस्था त्यस स्त्रीलाई लाजमर्दो थियो। अब उनी पूर्ण रूपमा निको भइसकेकी थिइन्। अब येशूले उनलाई के गर्नुभयो भनेर गवाही दिन उन सक्षम् भएकी थिई।

आफ्ना निरिहत, विःवशता वा निःसहायतालाई स्विकार गर्दै हामी येशूकहाँ आउन कसरी सिक्ने? अझ गहिरो प्रश्न त यो छ, हामीले

चाहना गरेको अनुसार हामी निको नभएतापनि उनमाथी विश्वास र भरोसा कसरी कायम गरिराख्ने?

## २. “आफूलाई वेर्‍हेको पछ्यौरा फुकाल्नुभयो" (यूहन्ना १३:५ रूपान्तरित)

आफ्ना चेलाहरूसँग समय बिताउने दिन अब थौरै भएको थियो। एक दिन निस्तार चाडको समयमा एउटा घरको माथिल्लो कोठामा येशू आफ्ना चेलाहरूसँग बस्नुभएको थियो। मीश्र देशको दासत्वबाट स्वतन्त्र भएको उपलक्ष्यमा मनाउने निस्तार चाड इस्रायलको राष्ट्रिय तथा धार्मिक उत्सब थियो जुन अझ पनि प्रचलित छ। तर त्यस समय जब येशू आफ्ना चेलाहरूसँग हुनुहुन्थ्यो तब त्यसबेला चेलाहरूको बिचमा सबै कुरा ठिक थिएन भनेर उहाँले आभास पाउनुभएको थियो। येशूका चेलाहरूको बिचमा एक आपस मनमुटाव र तितोपनाले गहिरो जड गाडेको थियो भनेर त्यस माथिल्लो कोठाको बातावरणले देखाएको थियो। त्यसको केहि समय अघि नै परमेश्वरको राज्यमा कसले के पद पाउने भन्ने पदको बिवादले गर्दा चेलाहरूमा झगडा भएको थियो। अब उनीहरू निस्तार चाड मनाउन सँगै भेला भएका थिए। परमेश्वरको मुक्तीको अनुग्रह र तिनीहरू येशूमा कसरी भर पर्नुपर्छ भन्ने ज्ञानको महान् आवश्यकता भएको महशूस गर्न त्यस उत्सवलाई तिनीहरूले प्रयोग गर्न् अवसर पाएका थिए।

मत्ती २०:२०-२८को अनुसार ती चेलाहरूले के बुझ्न पूर्ण रूपमा असफल भए भनेर देखाएको छ?

ती चेलाहरूको मन:स्थिति खराबै थियो। तर झन येशूलाई धोका दिने यहूदाले गर्दा वातावरण झन धमलिएको थियो। केहि गल्ती नभएको जस्तो गरेर यहूदा बसिरहेको थियो। यस परिवेशमा ती

चेलाहरूसँग येशू वाक्क र विरक्त हुनु स्वाभाविकै थियो, तर त्यसको सट्टामा येशूले के गर्नुभयो?

यूहन्ना १३:१-१६मा येशूको क्रियाकलापमा हामीलाई के पाठ सिकाइरहनुभएको पाउँछौं? येशू भक्त हुँ भनेर दावी गर्नेको निम्ति यो पाठ किन अत्यन्त महत्वपूर्ण मान्नुपर्दछ?

बाटोको फोहरलाई गोडा धोएर सफा गर्ने प्रचलन ती चेलाहरूलाई पनि थाहा थियो। त्यो गोडा धुने काम नोकरको थियो। तर चेलाहरूको साथमा कुनै नोकर थिएन। अनि कोहि पनि नोकर हुने स्तरमा झर्न तिनीहरू राजी भएका थिएनन्। जब येशूले आफ्नो पछ्यौरा फुकालेर चेलाहरूको गोडाहरू धुन थाल्नुभयो तब ती चेलाहरूका मन पग्लिएका थिए। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर तिनीहरूले घोषणा गरिसकेका थिए। अब परमेश्वरको पुत्रले आफू त्यस्तो निचभएर तल्लो स्तरमा झर्नुभएर दासको काम गर्नुभएको देख्दा उनीहरू लाजले भुतुक्कै भएका थिए।, आफूलाई वेर्‍हेको बाहिर लुगा येशूले फुकाल्नुभयो भनेर ती पदहरूले यो भन्छन्। आफ्ना अनुयायीहरूको हृदयमा पस्न येशू कत्तिसम्मको नम्र र तल्लोस्तरमा झर्न राजी हुनुभएको थियो भनेर यस कार्यले देखाउँदछ।

अनि त्यत्ति मात्र होइन, यहूदाको हृदयमा के थियो भनेर येशूलाई थाहा थियो। तै पनि उहाँले त्यस अन्तरघाती यहूदाको गोडा धुनुभयो।

अरूको हितको निम्ति तपाईं कत्तिसम्म तल ओर्‍लहन तयार हुनुहन्छ? तपाईंको वरिपरि रहेका मानिसको सेवा गर्न पछिल्लो पटक कहिले आफ्नो बाहिरको लुगा फुकाल्नुभएको थियो?

## ३. “मूल पुजारीले आफ्ना लुगालाई च्यात्दछन्" (मत्ती २६:६५ रूपान्तरित)

“मूल पुजारी आफ्नै दाजुभाईहरूबाट छानिएका हुन्। उनलाई उनको शिरमा औलिभको तेल लगाएर अभिषेक गरिन्छ। पुजारीका वस्त्रहरू लगाउन उनलाई नियुक्त गरिएको छ। यदि कोहि मर्छ भने मूल पुजारीले आफ्ना कपाल खोल्नुहुन्न। ऊ कत्तिको दुःखी छ भनेर देखाउन लुगा च्यात्नुहुन्न।" (लैब २१:१० रूपान्तरित)।

येशूको जवाफ सुनेपछि मूल पुजारीले आफ्नो लुगा च्यातेका थिए (मत्ती २६:५९-६८)। यसबाट हामीले के सिक्न सक्छौं? मर्कूस १५:३८ र हिब्रू ८:१ पनि पढ्नुहोस्।

येशूलाई महाअभियोग लगाएर मार्न फैसला गरेको देखाउन मूल पुजारीले आफ्ना लुगा च्यातेका थिए। मूल पुजारी केफासले लुगा च्यात्नुको अर्थ उनले आफ्नो धार्मिक वा पवित्र रोष प्रकट गरेको देखाउँछ। येशूले आफूलाई परमेश्वरको पुत्र हुन् भनेर दावी गरेको हुनाले केफासलाई असह्य भएर आफ्नो भयानक रीस देखाएको थियो। पुजारीको वस्त्र च्यात्ने चलनलाई मोसाको व्यवस्थाले मनाहि गरेको पाउँछौं (लैब्य १०:६, २१:१०)। यो किनभने, मूल पुजारीको लुगा परमेश्वरको सिद्ध चरित्रको प्रतिविम्ब हो। त्यो लुगा च्यात्नुको अर्थ परमेश्वरको सिद्ध चरित्रलाई दागी बनाउनु र उहाँको सिद्धतालाई खलबल्याउनु हो। जुन व्यवस्थाको पक्षमा केफास उभिएको थियो, त्यहि व्यवस्थालाई तोडेर दोषी हुनु अचम्मको थियो। यसले गर्दा ऊ मूल पुजारी हुन अयोग्य ठहरिन पुग्छ। अझ गम्भिरको विषय त यो छ, पुजारीको वस्त्र च्यात्नाले आफू मृत्युदण्डको सजायँको भागीदार हुन पुगेको थियो। त्यो अनौठो विषय पनि हो, किनभने कुनै पनि कसुर नगरेको येशूलाई पुजारीको निर्देशनले मृत्युदण्डको फैसला सुनाइएको

थियो। यथार्थमा, येशू होइन, पुजारी नै आफ्नो कामले गर्दा मृत्युको योग्य भएको थियो।

पुजारीले आफ्नो वस्त्र च्यात्नुहो अर्थ अझ गहिरो छ। पृथ्वीमा गरिने सबै प्रकारका बलीप्रथा र पुजारीमतको अन्त त्यस च्यातेको लुगाले सुरु गरेको थियो। अब नयाँ र उत्तम प्रथा येशूबाट सुरु हुन लागेको थियो। त्यो थियो स्वर्गमा हाम्रो निम्ति मूल पुजारीको काम येशूले सुरु गर्न लाग्नु भएको।

पुरानो करारको समयकालमा पुजारीले लगाउने लुगालाई धेरै अर्थ लगाइन्थ्यो। तर छिट्टै त्यो प्रणालीको प्रतिक हुन जान्दै थियो जुन अन्तमा त्यो अर्थहिन हुन गएको थियो। कतिपय धर्मका ती अगुवा वा रक्षकहरू येशूप्रति घृणा, डाहा र भयले अन्धा भएका थिए। जब येशू आउनुभयो तिनीहरूले उहाँलाई स्विकार गरेनन्। तर सर्वसाधारण मानिसले येशूलाई मसिह अर्थात् अभिषेक गरिएको व्यक्ति भनेर ग्रहण गरेका थिए। धर्मका अगुवा तथा रक्षक वा पुजारीले गरिरहनुपर्ने काम, अब सर्वसाधारण मानिसले जिम्मा लिए।

हामी धर्मात्मा छौं, असल छौं र ठिक छौं भन्ने कुराले ढुक्क हुने दौरानमा परमेश्वरले सिकाउन चाहेको महत्वपूर्ण सत्यलाई आत्मसात् गर्न के हामी पनि अन्ध हुनसक्दैनौं र?

## ४. उपहासको लुगा (मत्ती २७:२७-२९)

मत्ती २७:२७-२९मा के भइरहेको छ सो सोच्नुहोस्। यहाँ कस्तो अनौठो र विभत्स कुरा भइरहेको छ? मानिसहरू कत्तिको मूर्ख, निष्ठुर र वेवकूफ हुनसक्छन् भनेर ती पदहरूले कसरी बताउँछन्? आज पनि सृष्टिकर्ता र मुक्तिदातालाई संसारले कुन रूपमा व्यवहार गरिरहेका छन् भनेर ती पदहरूले प्रतिकको रूपमा देखाइरहेका छन्? लूका २३:१०,११ र मर्कूस १५:१७-२० पनि पढ्नुहोस्।

लुछेर येशूका लुगा उहाँबाट फुकाली दिएका थिए। अनि सिपाहीँहरूले वैजनी रङ्गको पोसाक उहाँलाई लगाइदिए। त्यो वस्त्र सिपाहीको रातो पछ्योरा वा पिलातसको पुरानो फैंकिएको वा राजा हेरोडले उपहासको रूपमा लगाइ दिएको पोसाक पनि हुनसक्छ। रातो वा बैजनी राजाको रङ्ग थियो। राजा भनेर दावी गरेका मानिसको काँधमा यो पोसाक उपहासको रूपमा फैंकिदिएको थियो।

पोसाक मात्र होइन, शिरपेचबिना राजाको अर्थ हुँदैन। त्यसकारण सिपाहीँहरूले पालेस्टाइनमा भएका काँडा र तिखो सिँउडीहरू बुनेर श्रीपेचको रूपमा येशूको टाउकोमा थुपारी दिए। राजदण्डको रूपमा सिपाहीँहरूले एउटा लठ्ठि पनि उहाँको हातमा भिडाइ दिए। ठट्टा गर्दै उहाँको अगाडि झुके पनि। यहूदिहरूका राजा भनेर उहाँलाई उपहासको रूपमा सम्मान गरे। येशूको आध्यात्मिक अधिकारमाथि हवाला दिँदै पुजारीहरूले पनि उहाँको मजाक उठाए। तर सिपाहीहरूले येशूको राजनैतिक उपहास मनाए। झुठो बिधि अपनाएर सिपाहीँहरूले उपहासको पोसाक लगाइ सत्य राजालाई कवाज खेलाए। आफ्नै धार्मिकता र सिद्धतामा संसारको पाप ओढन राजी हुनुभएका येशू, अब उनको उपहास गर्ने वस्त्र लगाइ दिएर उनको मजाक सिपाहीँ तथा पुजारीहरूले गरिरहेका थिए।

तैपनि अचम्मको कुरो त यो छ, येशूले यी सबै कष्टपूर्ण उपहास सहनु भएको थियो। उहाँलाई दुर्व्यवहार गर्नेहरूलाई पनि उहाँले प्रेम गर्नुभएको कारणले यो अपमान सहनुभएको थियो। कसैले हामीलाई अपमान वा नराम्रो दुर्व्यवहार गऱ्यो भने त्यसमाथी रीस खन्याउन हामी कत्तिको हतार गर्छौं, गर्दैनौं त? येशूलाई अपमान तथा दुर्व्यवहार गर्नेहरूलाई उहाँले कस्तो व्यवहार गर्नुभयो, के त्यो हाम्रो निम्ति अनुकरणीय उदाहरण होइन त?

तपाईंलाई गलत तथा अन्याय गर्नेलाई कसरी जवाफ दिने? येशूको उदाहरणबाट हामी के सिक्न सक्छौं? अर्को पल्ट यस्तै परिस्थिति सामना गर्नु पर्‍यो भने त्यसको प्रतिउत्तर तपाईंले कसरी दिने?

## ५. "मेरा लुगालाई तिनीहरूले भाग लगाउँदछन्" (भजन २२:१८)

अपमानको पराकाष्टा येशूले कसरी सहनुभयो भन्ने कुरा बुझ्न हामीलाई कठिन छ। सिपाहीँहरूले येशूको मजाक उठाए पछि उहाँलाई क्रुसको छेउमा ल्याइयो। अनि यस संसारमा भएका उहाँका बाँकी भौतिक चिज उहाँबाट खोसेर लिए। उहाँको लुगा फुकाली दिए।, सार्वजनिक रूपमा उहाँको मजाक उठाइयो, नाङ्गो पारेर उहाँलाई कुटियो। येशूले उद्धार गर्न आउनुभएको खातिर दिइएको अत्यन्त तितो कचौरा अब उहाँले पिइरहनुभएको थियो।

मत्ती २७:३५को साथमा यूहन्ना १९:२३,२४ पढ्नुहोस्। भविष्यवाणीलाई यहाँ कुन अर्थमा पूरा भएको देखाइएको छ? अनि यो किन महत्वपूर्ण छ त?

स्वर्ग र पृथ्वीको इतिहासमा एउटा अति महान् नाटक घटिरहेको हामी ती पदहरूमा पाउँछौं। यहाँ देखाइएको दोषीको लुगालाई भाग लगाउने सिपाहीँहरूको चर्तिकला सानै भएपनि जगतको सामू उल्लेखनिय कार्य थियो।

उनीहरूको काम अर्थहिन थिएन। सिपाहीँहरूले जे गरे त्यो भविष्यवाणी पूरा हुन आएको हो भनेर बाइबलले बताउँदछ (भजन २२:१८)। यूहन्ना र मत्तीले ती सिपाहीँहरूका कामलाई भजन २२मा गाँसिएर भन्दछन्, "यी सबै हुन आयो ताकि धर्मशास्त्र पूरा होस्।" त्यसै कारण हामीलाई चाहिने विश्वासको प्रमाण यहाँ भएको पाउँछौं।

येशूकै निम्ति यो कस्तो अर्थपूर्ण भएकोहोला, सोच्नुहोस्। संसारको पापको भार उहाँमा लादिएको थियो। आफ्ना प्रिय परमेश्वर

पिताबाट छुट्टिएको आभास पनि उहाँको निम्ती अत्यन्त भारी भएको थियो। अनि येशूले आफ्नै मुनी ती सिपाहीँहरूले उहाँको लुगाको निम्ति चिठ्ठा हालीरहेका उहाँले मूक भएर हेरीरहनुभएको थियो। यी सबै कुराहरूद्वारा बाइबलका भविष्यवाणीहरू पूरा हुन आइरहेका छन् भनेर उहाँले महशूस गरिरहनुभएको थियो। उहाँले यो कुरा थाहा पाएर नै क्रुसको क्रुर यातनालाई सहन वढि साहस उहाँले पाउनुभएको थियो। भविष्यवाणी पूरा भएको छ भनेर ती सिपाहीँहरूले अझ बढि प्रमाण दिइरहेका थिए। यस संसारमा येशूले आफ्ना काम अति शानदार रूपमा सम्पन्न भइरहेको थियो। जुनसुकै मानव जातीले विश्वासद्वारा पाउने मुक्तिलाई यसले बाटो खोल्दै गइरहेको थियो। त्यसकै निम्ति येशू क्रुसको आततायी मृत्युमा पस्नु परेको थियो। हामीलाई थाहा छ, यो प्रक्रिया बढो सफलतासाथ उहाँले सम्पन्न गर्नुभयो।

तपाईंलाई आवश्यक परेको बेलामा बाइबलका कुन् प्रतिज्ञाहरूले तपाईंलाई ढाढस दिएको पाउनुभएको छ?

## उपसंहारः

<u>थप जानकारीः</u> एलेन जी ह्वाइटका यी सामग्रीहरूलाई पढ्नुहोस्ः *द मिनिस्त्री अभ हिलिङ्ग*को पृ. ५९-६३मा उल्लेखित “द टच अभ फेथ", *द डिजायर अभ एजेज*को पृ. ३४२मा उल्लेखित “द टच अभ फेथ", पृ. ३४२,३४३को “इन पिलाटस् जडजेमन्ट हल", पृ. ७२८-७३१को “क्यालभरी"।

“येशूका शत्रुहरूले उहाँको मृत्युलाई बढो वेचेनकासाथ पर्खिरहेका थिए। येशूले गर्नुभएको अचम्मका कामहरू र उहाँ परमेश्वर हुनुहुन्छ भनेर देखाउनुभएको शक्तिलाई उहाँको मृत्युद्वारा सदा साम्य पारिनेछ भनेर तिनीहरूले सोचेका थिए। अव येशूको प्रभावदेखि डराउनुपर्दैन भनेर तिनीहरू आफूलाई तारिफ गरिरहेका थिए। पत्थरका

हृदय भएका सिपाहीँहरूले येशूको शरीरलाई क्रुसमा फैलाइ दिए। उहाँको लुगालाई उनीहरूले आफूमा भाग लगाए र सिउनी नभएको पोसाकको निम्ति झगडा गरे। अन्तमा त्यसलाई चिठ्ठा हालेर बाँड्ने उनीहरूले निर्णय गरे। यो हुनुभन्दा सयौं वर्ष अघि बाइबलमा यो हुनेछ भनेर भविष्यवाणी गरिएको थियोः 'पापी मानिसहरूको समूहले मलाई छोप्यो। तिनीहरू कुक्कुरका बथानले जस्तै मलाई वरिपरी घेरेका थिए। तिनीहरूले मेरो हात र गोडाहरूलाई छेंडेका थिए।.........मेरो लुगालाई तिनीहरूले भाग लगाए। मैले लगाइरहेको वस्त्रलाई तिनीहरूले चिठ्ठा हाले।' भजन २२:१६, १८ (रूपान्तरित)।"-एलेन जी ह्वाइट, *द स्टोरी अभ रिडिम्पशन,* पृ. २२३, २२४बाट रूपान्तरित।

**चिन्तनमननः-**

क. आफूलाई प्रोत्साहन गर्ने बाइबलका भविष्यवाणीहरूलाई सम्झनुहोस्। परमेश्वरलाई विश्वास गर्न साँच्चिकै अत्यन्त असल कारणहरू छन् भनेर ती भविष्यवाणीहरूले हामीलाई कसरी बताउँदछन्?

ख. येशूका जीवनका अन्तिम केहि दिनहरू र उहाँले भोग्नु परेको पिडादायी घट्नाको समिक्षा गर्नुहोस्। हाम्रै निम्ति त्यसबाट हामीले के पाठ सिक्नसक्छौं? येशूले त्यहाँ देखाउनुभएको अनुसार हामीले पनि कसरी त्याग गर्न सक्छौं अर्थात् स्वार्थलाई हामी कसरी पन्छाउन सक्छौं?

ग. ती सिपाहीँहरूको अज्ञानताको बारेमा सोच्नुहोस्। येशूलाई बैजनी लुगा र काँडाको मुकुट लगाइ दिएर

उहाँको मजाक गरेका थिए। उहाँकै पाउको मुनी तिनीहरूले उहाँको लुगालाई भाग लगाएका थिए। यथार्थमा त्यहाँ के भइरहेको छ भन्ने कुरालाई तिनीहरूले बुझेका थिएनन्। फेरि मूल पुजारीको महान् अज्ञानताको बारेमा पनि सोच्नुहोस्। येशूको जवाफमा क्रुद्ध भएको देखाउन उनले आफ्नो लुगा आफैले च्यातेका थिए। येशूलाई अभियोग लगाउने कुनै पनि मानिसहरूमा आफूले के गरिरहेका छन् भन्ने कुरामा असली रूपमा ज्ञान थिएनन्। तै पनि त्यस महान् अपराधमा सबै जना सहभागी भए। तिनीहरूमा ज्ञान भएन भन्दैमा के तिनीहरूको क्रियाकलाप चोखो हुन्छ र? तिनीहरूले जे गरिरहेकाछन् सो थाहा नभएकोले के तिनीहरूलाई सजायँ दिनु मनासिब छ त? किन र किन छैन? यसबारे चिन्तनमनन गर्नुहोस्।